# फुकुओका नगर; नयाँ कोरोना भाइरस (कोभिड-19) खोप इन्टरनेट बुकिङ म्यानुअल

**1 बुकिङ साइटमा एक्सेस**

स्मार्टफोन या कम्प्युटरबाट एक्सेस गर्न सकिन्छ।

2D बारकोड:

बायाँ तर्फको रेखाचित्र। खोप-टिकटमा उल्लेख गरिएको छ।

URL:

https://vaccines.sciseed.jp/fukuokacity/




यहाँबाट भाषा (अङ्ग्रेजी भाषा / चिनियाँ भाषा / दक्षिण कोरियाली भाषा) चयन गर्न सकिन्छ। तथापि सबै विषयवस्तु विदेशी भाषामा देख्न सकिन्छ भन्ने नभएकोले, यो म्यानुअललाई सन्दर्भ सामाग्री स्वरूप प्रयोग गरेर चलाउनुहोस्।

**2 लगइन (पहिलो पटक दर्ता)**

फुकुओका नगरबाट हुलाक मार्फत पठाइएको खोप-टिकट तयारी अवस्थामा राख्ने।

① "खोप-टिकट नम्बर" स्तम्भमा खोप-टिकटमा लेखिएको "टिकट नम्बर" (10 अङ्को) टाइप गर्ने।

② "पासवर्ड" स्तम्भमा जन्ममिति (इस्वी संवत् मा 8 अङ्को, YYYYMMDD) टाइप गर्ने।

जस्तै: 1961 साल फेब्रुअरी 24 तारिख जन्म भएको मानिसले

-> 19610224

("महिना" "तारिख"लाई टाइप गर्दा ध्यान पुऱ्याउनुहोला

जस्तै: जनवरी महिनालाई→01, जुन महिनालाई→06, डिसेम्बर महिनालाई→12

2 तारिखलाई →02, 11 तारिखलाई →11, 30 तारिखलाई →30)




【टिकट नम्बर कहाँ छ?】

फुकुओका नगरबाट हुलाक मार्फत पठाइएको खोप-टिकटमा उल्लेख गरिएको छ।

बायाँ तर्फको फोटोलाई सन्दर्भ सामाग्री स्वरूप हेर्नुहोस्।




**3 व्यक्तिगत जानकारी टाइप**

【अवश्य पनि टाइप गर्नुहोला】

① "थर", "नाम"का स्तम्भहरूमा आफ्नो थर तथा नाम टाइप गर्नुहोला।

- अल्फाबेट प्रयोग गर्दा, सिङ्गल बाइटको मात्र प्रयोग गर्न सकिन्छ। डबल बाइटको अक्षर टाइप गर्न मिल्दैन। क्यापिटल-लेटर र स्मल-लेटर दुवै टाइप गर्न मिल्छ। बसोबास (जाइऱ्यू) कार्ड आदि हेरेर टाइप गर्नुहोला।
- काताकानामा टाइप गर्न चाहनुभएमा डबल बाइटमा मात्र मिल्छ। सिङ्गल बाइटमा टाइप गर्न मिल्दैन।

②टेलिफोन नम्बर टाइप गर्नुहोला।
हाइफन राख्नुपर्दैन।
जस्तै: 09012345678

【ऐच्छिक रूपमा टाइप गर्नुहोला】

① "ई-मेल एड्रेस"
नोट: अझै बुकिङ सम्पन्न भएको ई-मेल पठाइएको छैन। तयारी हुँदैछ।




**4 पासवर्ड सेटिङ**

"नयाँ पासवर्ड", "नयाँ पासवर्ड पुनः टाइप" स्तम्भहरूमा पासवर्ड टाइप गर्नुहोस्।

पासवर्ड हाल्दा, सिङ्गल बाइटको अङ्ग्रेजी अक्षर, अङ्क र सिम्बोल मध्येको 2 प्रकार प्रयोग गरी, 8 देखि100 ओटा अक्षरसम्म टाइप गर्न सकिन्छ।

(सिम्बोल प्रयोग गर्दा, प्रयोग गर्न मिल्ने सिम्बोलहरू)
_!@#$%^&*()-+[]{},.<>:~

पासवर्ड नबिर्सियोस् भन्ने कुरामा सतर्क रहनुहोस् !

पासवर्ड बिर्सन गएमा, कल सेन्टरमा फोन गरीकन पासवर्ड रिसेट गर्ने प्रक्रिया अपनाउनु पर्ने हुन्छ।

"टाइप गरेको विषयवस्तु चेक गर्ने" क्लिक गऱ्यो भने, स्क्रिन परिवर्तन भएर, टाइप गरेको थरनाम, टेलिफोन नम्बर, ई-मेल एड्रेस देखिने हुनाले, त्यो चेक गरेर मात्र "यस विषयवस्तु दर्ता" क्लिक गर्नुहोस्।




**5 माइ-पेज डिस्प्ले**

माइ-पेज डिस्प्ले हुन्छ।
(अर्को पटकको लगइनदेखि यो पेज डिस्प्ले हुन्छ)

माइ-पेजबाट गर्न सकिने कुराहरू
①खोप-टिकट नम्बर निश्चय
②दर्ता जानकारी
(थर, नाम, टेलिफोन नम्बर, ई-मेल एड्रेस) परिवर्तन

(अबबाट बुकिङ गर्न लाग्नु भएको महानुभाव)
③खोपको बुकिङ
*द्वितीय पटकको खोप बुकिङ गर्नको लागि, प्रथम पटकको खोप बुकिङ गरिसकेपछि मात्र मेन्यू डिस्प्ले हुन्छ

(बुकिङ सम्पन्न भएका महानुभाव)
④खोप बुकिङको अवस्था चेक गर्ने
⑤बुकिङ परिवर्तन / बुकिङ रद्द
* "बुकिङको परिवर्तन" गर्नुपर्दा, पहिलाको बुकिङ रद्द गर्नुहोस् अनि फेरि नयाँ बुकिङ गर्नुहोस्।
नयाँ बुकिङ गर्दा सिट नपाइने हुनसक्छ कृपया ध्यान पुऱ्याउनु होला।

फेरि अर्को, खोप बुकिङ गरौं।




**6-1 खोप बुकिङ (प्रथम पटक): खोप आयोजना स्थलको चयन**

माइ-पेजको सबैभन्दा तलको पङ्तिमा "प्रथम पटकको खोप" मेन्यू रहेकोले, "नयाँ बुकिङ" क्लिक गर्नुहोस्।




खोप आयोजना स्थल सर्च गर्ने स्क्रिन देखिन्छ।

आयोजना स्थलको नाम (चिकित्सा निकाय, सामूहिक खोप आयोजना स्थल) जापानी भाषामा मात्र डिस्प्ले हुन्छ।

स्क्रिनको तल्लो भागमा खोप आयोजना स्थल डिस्प्ले हुने भएकोले, खोप लगाउन चाहेको आयोजना स्थल चयन गर्ने।

आफ्नो नियमित-डाक्टर हुने ठाउँ इत्यादि, खोज्न चाहेको खोप आयोजना स्थल (चिकित्सा निकाय) आफूलाई थाहा छ भने, टाइप गरेर सर्च गर्न सकिन्छ।

साथै, "खोप आयोजना स्थल" (चिकित्सा निकाय), "ठेगाना", "नजिकको ट्रेन स्टेशन", "एरिया"बाट समेत सर्च गर्न सकिन्छ।

~ सामूहिक खोप आयोजना स्थलको जानकारी ~

- "मारिन मेस्से फुकुओका हल B" (Marine Messe Fukuoka Hall B), खोप लगाइने जुन 30 तारिखसम्म
- हिगासि-कु "नामिकी स्क्वायर" (Namiki Square) जुन 28 तारिखदेखि खोप लगाउन सुरु, अहिले धमाधम बुकिङ भइरहेको
- हाकाता-कु "साजान-पिआ हाकाता " (Sazanpia Hakata) जुन 25 तारिखदेखि खोप लगाउन सुरु, अहिले धमाधम बुकिङ भइरहेको
- च्यूओउ-कु "च्यूओउ ताइकुखान" (Chuo Ward Gymnasium) जुलाई 1 तारिखदेखि खोप लगाउन सुरु, अहिले धमाधम बुकिङ भइरहेको
- मिनामी-कु "मिनामी ताइकुखान" (Minami Gymnasium) जुन 28 तारिखदेखि खोप लगाउन सुरु, अहिले धमाधम बुकिङ भइरहेको
- ज्योउनान-कु "ज्योउनान ताइकुखान" (Jonan Gymnasium) जुन 25 तारिखदेखि खोप लगाउन सुरु, अहिले धमाधम बुकिङ भइरहेको
- सावारा-कु "मोमोची ताइकुखान" (Momochi Gymnasium) जुलाई 1 तारिखदेखि खोप लगाउन सुरु, अहिले धमाधम बुकिङ भइरहेको
- निसि-कु "साइतो-पिआ" (Saitopia) जुन 22 तारिखदेखि खोप लगाउन सुरु, अहिले धमाधम बुकिङ भइरहेको




चयन गरेको खोप आयोजना स्थलको जानकारी डिस्प्ले हुन्छ।

पेजको सबैभन्दा मुनि रहेको "यस आयोजना स्थलमा बुकिङ" क्लिक गर्नुहोस्।

यस आयोजना स्थलमा बुकिङ




## 6-2 खोप बुकिङ (प्रथम पटक): खोप मितिको चयन

① खोपको प्रकार चयन गर्ने
(*हाल "फाइजर कम्पनीको खोप" मात्र चयन गर्न सकिने)

② "चाहेको मिति र समय" स्तम्भ चयन गऱ्यो भने क्यालेण्डर डिस्प्ले हुन्छ।




क्यालेण्डर डिस्प्ले हुन्छ।
बुकिङ खाली रहेको दिन, हरियो रङ्गमा डिस्प्ले हुन्छ।
चाहेको दिन क्लिक गर्नुहोस्।




## 6-3 खोप बुकिङ (प्रथम पटक): समयको चयन

टाइम डिस्प्ले हुने भएकोले, आफूले चाहेको टाइम चयन गर्ने।
*प्रथम पटकको खोप हो भने【初回接種者のみ】 (सुरुको खोप लगाउने व्यक्ति मात्र) भनेर लेखेको फ्रेम चयन गर्नुहोस्।
【２回目の接種者専用】 (द्वितीय पटकको खोप लगाउने व्यक्ति विशेष) भनेर लेखेको फ्रेम भने चयन नगर्नुहोस्।)




**6-4 खोप बुकिङ (प्रथम पटक): बुकिङको विषयवस्तु चेक गर्ने / बुकिङ सम्पन्न गर्ने**

बुकिङ विषयवस्तु (आयोजना स्थल / खोपको प्रकार / मिति र समय) डिस्प्ले हुने भएकोले, गल्ती नभएको निश्चय गरेर मात्र "बुकिङ पक्का गर्ने" क्लिक गर्नुहोस्।




बुकिङ स्वीकृत भएमा "खोप बुकिङ सम्पन्न भयो" भनेर डिस्प्ले हुने भएकोले, "माइ-पेज"को बटन क्लिक गर्नुहोस्।




**7 खोप बुकिङ (द्वितीय पटक)**

प्रथम पटकको खोप बुकिङ पुरा भयो भने, माइ-पेजको सबैभन्दा तल द्वितीय पटकको खोप बुकिङ मेन्यू डिस्प्ले हुन्छ।
"नयाँ बुकिङ" क्लिक गरी, 6-1 देखि 6-4 सम्म जस्तै गरी प्रक्रिया अपनाएर, द्वितीय पटकको बुकिङ गर्नुहोस्।

【नोट 1】: समय चयन गर्दा 【２回目の接種者専用】(द्वितीय पटक खोप लगाउने व्यक्ति विशेष) भनेर लेखेको फ्रेम चयन गर्नुहोस्।

【नोट 2】: प्रथम पटकको खोप भन्दा 3 हप्ता पछिको मिति चयन गर्नुहोस्।